आज मिति २०८२/६/१७ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८२/०८३ को छैठौं कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरुः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री सन्देश राई (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |

आमन्त्रीतहरु

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**प्रस्तावहरु:**

१. कार्यविधि पास सम्बन्धमा ।

२. एम्बुलेन्स चालक विज्ञापन सम्बन्धमा ।

३. एम्बुलेन्स चालक सेवा सुविधा सम्बन्धमा ।

४. एम्बुलेन्स अनुगमन समिति सम्बन्धमा ।

५. गणित विषयको विज्ञापन अनुमति सम्बन्धमा ।

६. प्रसुति भाडा सम्बन्धमा ।

७. एम्बुलेन्स सेवा रसिद छपाउने सम्बन्धमा ।

८. ठेक्का आह्वान गर्ने सम्वन्धमा ।

निर्णयहरु:

१. यस लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्सलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि गाउँपालिकाले तयार गरेको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८२ लाई सर्वसम्मत स्वीकृत गरी लागु गर्ने भनि निर्णय गरियो ।

२. यस लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्सलाई चलाउनको लागि एम्बुलेन्स चालक आवश्यक परेको हुँदा १५ दिनको म्याद राखि विज्ञापन प्रकाशन गरी करार सेवामा नियुक्ति गर्नको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

३. यस लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्स चालक करार सेवामा नियुक्ति गर्नु पर्ने भएको हुँदा निजलाई तपसिल बमोजिमको सेवा सुविधा व्यवस्थापन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं. | सेवा सुविधा किसिम | सेवा सुविधा |
|---|---|---|
| १ | मासिक तलव | १५००० |
| २ | प्रति टिप थप | २५% (भाडा दरको) |

४. यस लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८२ को दफा ३ को उपदफा १ को (ङ) मा कार्यपालिका सदस्यहरु मध्ये महिला सदस्य, दलित सदस्य वा अल्पसंख्याक समेतको प्रतिनिधित्व हुने गरी २ जना अनुगमन समिति गठन गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिम अनुगमन समिति गठन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं. | नाम, थर | कैफियत |
|---|---|---|
| १ | पृथी रसाईली (दलित महिला सदस्य( | सदस्य |
| २ | दुत माया मगर (महिला सदस्य) | सदस्य |

५. यस लिम्चुङबुङ गाउँपालिका वडा नं ३ बाराहामा रहेको श्री महेन्द्र मा.वि. सिर्वानी विद्यालयमा राहत नि.मा.वि. तहको गणित विषयको विज्ञापन प्रकाशन गर्नको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

६. यस लिम्चुङबुङ गाउँपालिकाको प्रशुती गृहबाट प्रसुति गराउन नसकि गाउँपालिका बाहिर उपचार गराउन लानु परेमा प्रति व्यक्ति रु १००००।०० का दरले भाडा बापत उपलब्ध गराउने भनि सर्वसम्मत निर्णय गरियो ।

७. यस लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्सलाई थप व्यवस्थित गर्नको लागि रसिद छाप्ने भनि सर्वसम्मत निर्णय गरियो ।

८. यस लिम्चुङबुङ गाउँपालिकाको लागि पर्यटकीय विकास भवन निर्माण शिर्षकमा प्राप्त बजेटबाट ठेक्का आह्वान गरी भवन निर्माण कार्य सुरु गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।